# <u>गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक</u>

**प्रस्तावना:** गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजस्व सङ्कलन गर्ने, कर घटाउने, बढाउने र छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी प्रचलित प्रदेश कानूनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश आर्थिक ऐन, २०८२" रहेको छ।

(२) यो ऐन सम्वत् २०८२ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **घरजग्गा तथा अन्य लिखत रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुरः** (१) प्रदेशभित्र अनुसूची-१ बमोजिम घरजग्गा तथा अन्य लिखत रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क तथा दस्तुरको सङ्कलन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

तर, सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट घरजग्गा तथा अन्य लिखत रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर उठाउने कार्यको व्यवस्थापन नभएसम्मका लागि मालपोत कार्यालयले उक्त शुल्क तथा दस्तुर सङ्कलन गरी बाँडफाँट गर्नेछ।

३. **सवारी साधन करः** (१) प्रदेशभित्र अनुसूची-२ बमोजिम सवारी साधन कर लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सवारी साधन कर बापतको रकममध्ये साठी प्रतिशत रकम प्रदेश सञ्चित कोषमा र चालीस प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(३) प्रदेशभित्र अनुसूची-३ बमोजिम सवारी तथा यातायात व्यवस्थापन सम्बन्धी दस्तुर तथा शुल्क लगाइने र असुल गरिनेछ।

(४) उपदफा (१) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा (ई-रिक्सा) मा गाउँपालिका वा नगरपालिकाले सवारी साधन कर लगाउनेछ।

(५) उपदफा (१) र (३) बमोजिमको कर, दस्तुर तथा शुल्कको प्रशासन प्रदेश सरकारबाट हुनेछ।

४. **मनोरञ्जन करः** (१) प्रदेशभित्र अनुसूची-४ बमोजिम मनोरञ्जन कर लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन करको प्रशासन र बाँडफाँट गाउँपालिका वा नगरपालिकाले प्रदेश कानून बमोजिम गर्नु पर्नेछ।

५. **विज्ञापन करः** (१) प्रदेशभित्र विज्ञापन सामग्री राखे बापत सम्बन्धित स्थानीय तहले कानून बमोजिम विज्ञापन कर लगाई असुल गर्नेछ।

(२) उपदफा (१) बमोजिमको विज्ञापन करको बाँडफाँट प्रदेश कानून बमोजिम हुनेछ।

६. **कृषि आयमा करः** (१) प्रदेशभित्र उत्पादित कृषि उपजको बिक्रिबाट प्राप्त आयमा अनुसूची-५ बमोजिम कर लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कर कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि ज्ञान केन्द्रले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

७. **पर्यटन शुल्कः** (१) प्रदेशभित्र अनुसूची-६ बमोजिम पर्यटन शुल्क लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको पर्यटन शुल्क उद्योग तथा पर्यटन मन्त्रालय अन्तर्गतको पर्यटन तथा उद्योग कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

८. **प्राकृतिक स्रोत शुल्कः** (१) प्रदेश भित्र माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको सङ्कलनमा अनुसूची -७ बमोजिम शुल्क लगाइने र असुल गरिनेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नदीजन्य पदार्थ प्रशोधन गरी ढुङ्गा, गिट्टी, बालुवा, धुलो ग्राभेल उत्पादन गर्ने उद्योगमा अनुसूची - ८ बमोजिम शुल्क लगाइने र असुल गरिनेछ। यस्तो शुल्क सम्बन्धित उद्योग दर्ता रहेको पर्यटन तथा उद्योग कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(३) माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको उत्खनन्, सङ्कलन, प्रशोधन वा बिक्री वितरणमा यस ऐनको उल्लङ्घन गरेको पाइएमा अनुसूची -९ बमोजिम जरिबाना लगाइने र असुल गरिनेछ।

(४) उपदफा (१) बमोजिमको शुल्क र उपदफा (३) बमोजिमको जरिबाना रकम स्थानीय तहले सङ्कलन गरी स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँट गरी साठी प्रतिशत रकम स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

(६) निर्धारित मापदण्ड बमोजिम सञ्चालन नभएका नदीजन्य पदार्थको प्रशोधन उद्योगले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र औद्योगिक क्षेत्र, स्थानीय उद्योगग्राम वा प्रचलित कानून र मापदण्ड बमोजिमको क्षेत्रमा स्थानान्तरण वा ठाउँसारी गरी सोको प्रमाण पेस गरेमा देहाय बमोजिम छुट सहुलियत प्रदान गरिनेछः-

(क) मापदण्ड विपरित क्रसिङ, वासिङ उद्योग सञ्चालन गर्दा हुने जम्मा वार्षिक जरिबानामा नब्बे प्रतिशत,

(ख) नदीजन्य पदार्थ प्रशोधन उद्योग दर्ता शुल्कमा पचास प्रतिशत,

(ग) नदीजन्य पदार्थ प्रशोधन उद्योगको जम्मा नवीकरण शुल्कमा पचहत्तर प्रतिशत।

(७) स्थानीय तहले यस ऐनमा तोकिए बमोजिमको दरमा नघट्ने गरी उपदफा (१) बमोजिमको सामग्रीमा बिक्री मूल्य तोक्न सक्नेछ।

(८) प्रदेशभित्र वन पैदावार बिक्रीमा अनुसूची-१० बमोजिम शुल्क लगाइने र असुल गरिनेछ।

९. **वातावरण व्यवस्थापन दस्तुरः** (१) प्रदेशभित्र सञ्चालित अनुसूची-११ बमोजिमका उद्योगलाई सोही अनुसूचीमा व्यवस्था भए बमोजिम वातावरण व्यवस्थापन दस्तुर लगाइने र असुल गरिनेछ।

(२) प्रदेशभित्रका अनुसूची-११ बमोजिमका उद्योगबाट विना प्रशोधन फोहोर निष्काशन गरेमा पहिलो पटक भए तीन हजार रुपैयाँ र पुनः दोहोराएमा प्रत्येक पटक चार हजार रुपैयाँ वातावरण व्यवस्थापन दस्तुर लाग्नेछ।

(३) अनुसूची-११ बमोजिमका उद्योगले उपदफा (१) र (२) बमोजिमको दस्तुर उद्योग रहेको जिल्लास्थित पर्यटन तथा उद्योग कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

१०. **अन्य राजस्वः** (१) शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा र भाषा सिकाई केन्द्रको सञ्चालनमा अनुसूची -१२ बमोजिम अनुमति तथा नवीकरण शुल्क लगाइने र असुल गरिनेछ।

(२) प्रदेशभित्र निर्माण सामग्री परीक्षण (प्रयोगशाला) मा अनुसूची-१३ बमोजिम शुल्क लगाइने र असुल गरिनेछ।

(३) उपदफा (१) बमोजिमको राजस्व रकम जिल्लास्थित सामाजिक विकास कार्यालयले र उपदफा (२) बमोजिमको राजस्व रकम पूर्वाधार विकास निर्देशनालय तथा जिल्लास्थित पूर्वाधार विकास कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

(४) सम्बन्धित प्रदेश कानून निर्माण नहुँदासम्म प्रदेश सरकारका विषयगत मन्त्रालयले प्रदान गर्ने सेवामा कार्यविधि बनाई शुल्क लगाउन सक्नेछ। यसरी सङ्कलित सेवा शुल्क सम्बन्धित मन्त्रालय वा निकायले प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

११. **दर घटाउन, बढाउन वा छुट दिन सक्नेः** (१) प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य प्रचलित कानून बमोजिम लगाइएका कर, दस्तुर, महशुल र शुल्कको दर घटाउन, बढाउन वा त्यस्तो कर, दस्तुर, महशुल र शुल्क आंशिक रूपमा छुट दिन सक्नेछ।

तर नेपाल सरकार र प्रदेश सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रतिवद्धता जनाएका विषयमा प्रदेश सरकारले पूर्ण रुपमा छुट दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कर, दस्तुर, महशुल र शुल्कको दर बढाइएको, घटाइएको वा कुनै कर, दस्तुर, महशुल र शुल्क छुट दिइएको विवरण प्रत्येक वर्ष गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले प्रदेश सभामा पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कर, दस्तुर, महशुल र शुल्कको दर बढाइएको, घटाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु वा सेवा अन्य प्रयोजनको लागि प्रयोग गरेमा त्यसरी छुट दिइएको कर, दस्तुर, महशुल र शुल्कको रकम असुल गरी सो बराबरको रकम जरिबाना गरिनेछ।

१२. **प्रक्रिया सरलीकरण गर्न वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः** (१) प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र सुव्यवस्थामा गम्भीर खलल पुगेमा वा सार्वजनिक आवागमनमा अवरोध भएमा वा विपद्को कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बाधा अड्काउ फुकुवा गरेको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

१३. **साविकको व्यवस्था कायम रहनेः** (१) यस ऐनमा व्यवस्था भए बाहेकका अन्य विषयमा विभिन्न निकायबाट सेवा प्रदान गर्दा उठाइएका कर, गैरकर, दस्तुर, सेवा शुल्क तथा

महशुल अर्को कुनै कानूनी व्यवस्था नभएसम्म प्रचलित कानून बमोजिम साविकमा रहेको दर नै यथावत् कायम रहनेछ।

(२) राजस्व दाखिल गर्ने सम्बन्धी अन्य व्यवस्था गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयबाट तोकिए बमोजिम हुनेछ।

## अनुसूची -१

(दफा २ को उपदफा (१) सँग सम्बन्धित)

**घरजग्गा तथा अन्य लिखत रजिष्ट्रेशन शुल्क,सेवा शुल्क र रोक्का दस्तुर**

**(क) घरजग्गा तथा अन्य लिखत रजिष्ट्रेशन शुल्कः**

| क्र.सं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर | | |
|---|---|---|---|---|
| | | महानगर/उप-महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| **१. राजीनामा, सट्टापट्टा, सगोलनामा, दर्ताफारी र छोडपत्रको लिखतको थैली अङ्कमाः-** | | | | |
| | (क) राजीनामा, सट्टापट्टा र सगोलनामा लिखत | ५% | ४% | २% |
| | (ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घर जग्गाको लिखत | ५% | ४% | २% |
| | (ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाई(फ्ल्याट)को लिखत | ४% | २% | १% |
| | (घ) दर्ताफारी र छोडपत्रको लिखत | | | |
| | (अ) तीन पुस्ता भित्र | हालैको बकसपत्र सरह | | |
| | (आ) तीन पुस्ता बाहिर | राजीनामा सरह | | |
| **२. हालै देखिको बकसपत्रको लिखतको थैली अङ्कमाः-** | | | | |
| | (क) रू.१ लाखसम्म | १.५% | १% | ०.५% |
| | (ख) रू.१ लाखभन्दा माथि रू. ५ लाखसम्म | २.५% | २% | १% |
| | (ग) रू. ५ लाखभन्दा माथि जतिसुकै | ३% | २.५% | १.५% |
| | (घ) अन्य दानपत्र | १५% | १५% | १०% |
| **द्रष्टव्यः-** सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस तथा कलेज, सामुदायिक विद्यालय, सामुदायिक क्याम्पस, सामुदायिक अस्पताल, धार्मिक संस्था, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका कार्यालय, तीन तहकै सरकारको नाममा प्राप्त हुने जुनसुकै प्रकारको लिखतमा कुनै दस्तुर वा शुल्क लाग्ने छैन। | | | | |
| ३. | अंशवण्डा, अंश भर्पाई र अंशछोडपत्रको लिखतको थैली अङ्कमाः- | | | |
| | (क) रु.१० लाखसम्म | ०.२% | ०.२% | ०.२% |
| | (ख) रू. १० लाखदेखि रु.३० लाखसम्म | ०.५% | ०.५% | ०.५% |
| | (ग) रू. ३० लाख भन्दा बढी रू. २ करोडसम्म | ०.७५% | ०.७५% | ०.७५% |
| | (घ) रू.२ करोड भन्दा बढी ५ करोडसम्म | १% | १% | १% |
| | (ङ) रू.५ करोड भन्दा बढीको थैली अङ्कमा | १.५% | १.५% | १.५% |
| ४. | **मानो छुट्टिएको र मानो जोडिएको प्रति लिखत** | | | |
| | मानो छुट्टिएको र मानो जोडिएको | रु.१५,०००।- | रु.१०,०००।- | रु.५,०००।- |
| ५. | **शेषपछिको बकसपत्र/अष्टलोहको लिखत पारित तथा संशोधन, बदर वा रद्ध प्रति लिखतः-** | | | |

| | | | | |
|---|---|---|---|---|
| | **(क) शेषपछिको बकसपत्र/अष्टलोहको लिखत पारित** | | | |
| | (अ) तीन पुस्ताभित्र | रू.१०,०००/- | रु.७,०००/- | रु.४,०००/ |
| | (आ) तीन पुस्ता बाहिर | रू.१५,०००/- | रू.१२,०००/- | रु.७,०००/- |
| | **(ख) संशोधन, बदर वा रद्ध गर्दाको प्रति लिखत** | | | |
| | (अ) संशोधन | रु.२,०००/- | रु.१,०००/- | रु.५००/- |
| | (आ) बदर वा रद्ध | रु.५,०००/- | रु.३,०००/- | रु.२०००/- |
| ६. | **बन्धकीको लिखत थैली अङ्कमा:-** व्यक्ति व्यक्तिबीच भएको दृष्टिबन्धकी, भोगबन्धकी र लख बन्धकीको लिखत | | | |
| | (क) रु.३० लाखसम्म | १% | १% | १% |
| | (ख) रु.३० लाख भन्दा माथि जतिसुकै भएपनि थप | १.५% | १.५% | १.५% |
| ७. | **अचल सम्पत्ति फलोपभोग (युजफ्रुक्टी) प्रति लिखत** | रु.१,०००/- | रु.७००/- | रु.५००/- |
| ८. | **गुठी दर्ता तथा नवीकरण प्रति मिसिल:-** | | | |
| | (क) दर्ता | रु.३,०००/- | रु.२,०००/- | रु.१०००/- |
| | (ख) नवीकरण | रु.७५०/- | रु.५००/- | रु.२५०/- |
| ९. | **घर बहालको लिखतको थैली अङ्कमा :-** | ५% | ४% | २% |
| | <u>**द्रष्टव्य:**</u>- घर बहाल लिनेदिने बीचमा हुने लिखत पारित गर्दा पहिलो महिनाको घर बहाल रकमलाई थैली अङ्क मानिनेछ। | | | |
| १०. | **अन्य जुनसुकै प्रकारको लिखत:-** | | | |
| | (क) रकम खुलेकोमा थैली अङ्कमा | ४% | ३% | २% |
| | (ख) रकम नखुलेकोमा (प्रति लिखत) | रु.१०,०००/- | रु.७,०००/- | रु.५,०००/- |
| ११. | **अधिकारनामा, मञ्जुरीनामा, अख्तियारनामा र इच्छापत्रको प्रति लिखत** | रु. ५,०००/- | रु.४,०००/- | रु.३,०००/- |
| १२. | **कपाली तमसुक र करारनामाको लिखत:-** दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको लिखतको थैली अङ्कमा | १% | १% | १% |

| | | | |
|---|---|---|---|
| १३. | **बेजिल्ला/बेइलाका लिखत पारित गर्ने** | | |
| | **लिखत प्रकार** | **दस्तुर वा शुल्क** | **बेजिल्ला/बेइलाकाको लिखत पारित वापतको थप शुल्क** |
| | (क) अंशवण्डा तथा अंशभरपाई बाहेकका सबै प्रकारका लिखत | जग्गा भएको प्रदेश सरकारले तोकेको दरमा शुल्क वा दस्तुर असुल गरी दाखिल खारेज गर्ने क्षेत्राधिकार भएको भूमिसुधार/मालपोत कार्यालयको खातामा | प्रदेशभित्र वा प्रदेशबाहिरका जिल्लाको लिखत पारित गर्दा यस ऐन बमोजिम असुल भएको रजिष्ट्रेशन शुल्क वा सेवा शुल्क वा रोक्का दस्तुरको दश प्रतिशतले हुन आउने थप रकम लिखत पारित गर्ने कार्यालयको खातामा जम्मा गरेको सक्कलै बैंक भौचर समेत संलग्न गर्नु पर्नेछ। |
| | (ख) अंशवण्डा तथा अंश | | नलाग्ने |

| | | | |
|---|---|---|---|
| | भरपाई लिखत । | शुल्क वा दस्तुर जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनुपर्ने। | |

**द्रष्टव्यः**

(अ) अंशवण्डा तथा अंश भरपाई लिखत घरजग्गा भएकोमध्ये कुनै एक भूमिसुधार/मालपोत कार्यालयबाटमात्र पारित गर्नु पर्नेछ।

(आ) घर/जग्गा रहेको सम्बन्धित प्रदेश सरकारको आर्थिक ऐनमा बेजिल्ला वा बेइलाका लिखत पारित गर्ने सम्बन्धी व्यवस्था भएको रहेछ भने मात्र सो क्षेत्रको घर जग्गाको लिखत यस ऐन बमोजिम पारित गर्नु पर्नेछ ।

(इ) घर/जग्गा रहेको सम्बन्धित प्रदेश सरकारको आर्थिक ऐनमा बेजिल्ला वा बेइलाका लिखत पारित गर्ने सम्बन्धी व्यवस्था नभएमा स्थायी ठेगाना भएको जिल्लाको मालपोत कार्यालयमा यस अघि अंशवण्डा वा अंश भरपाई लिखत पारित भएको वा नभएको बुझेर एकीन गरेर मात्र बेजिल्ला वा बेइलाकाको अंशवण्डा तथा अंश भरपाई लिखत पारित गर्नु पर्नेछ।

**ख. सेवा शुल्कः-**

| क्र.सं. | विवरण | सेवा शुल्कको दर | | |
|---|---|---|---|---|
| | | महानगर/ उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका |
| १. | डोर शुल्क | | | |
| | (क) कारागार कार्यालयमा | रु.१५,०००-/ | रु.७,५००-/ | रु.३,७५०-/ |
| | (ख) अन्य क्षेत्रमा | रु.२०,०००/- | रु.१०,०००/- | रु.५,०००/- |
| | **द्रष्टव्य :**<br>(क) एकै व्यक्तिले एकै पटक एउटै डोरबाट एकभन्दा बढी लिखत रजिष्ट्रेशनका लागि माग गरेमा जति थप लिखत पारित हुने हो प्रत्येक लिखतमा यस अनुसूची बमोजिम अलग अलग डोर दस्तुर लाग्नेछ।<br>(ख) कारागारमा रहेका थुनुवा वा कैदीबन्दीले डोर माग गरेमा भूमिसुधार/मालपोत कार्यालयले यस अनुसूचीको विविध खण्डमा उल्लेख भए बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।<br>(ग) भूमिसुधार/मालपोत कार्यालयले लिखत रजिष्ट्रेशनको लागि आफ्नो कार्यक्षेत्रभित्र वा बाहिर निवेदकले माग गरेको स्थानमा डोर खटाउनु पर्नेछ। | | | |
| २. | **वित्तीय धितोः-**<br>नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको बन्धकी लिखतको थैली अङ्कमाः- | | | |
| | (क) एकलाख रुपैयाँ सम्म | रु.१,०००/- | रु.१,०००/- | रु.१,०००/- |
| | (ख) एकलाख रुपैयाँ भन्दा बढी पाँच लाख रुपैयाँसम्म | रु.१,५००/- | रु.१,५००/- | रु.१,५००/- |
| | (ग) पाँचलाख रुपैयाँ भन्दा बढी दशलाख रुपैयाँसम्म | रु.२,५००/- | रु.२,५००/- | रु.२,५००/- |

| | | | | |
|---|---|---|---|---|
| | (घ) दशलाख रुपैयाँभन्दा बढी बीसलाख रुपैयाँसम्म | रु.३,०००/- | रु.३,०००/- | रु.३,०००/- |
| | (ङ) बीसलाख रुपैयाँभन्दा बढी पचासलाख रुपैयाँ सम्म | रु.१०,०००/- | रु.१०,०००/- | रु.१०,०००/- |
| | (च) पचासलाख रुपैयाँभन्दा बढी एक करोडसम्म | रु.३०,०००/- | रु.३०,०००/- | रु.३०,०००/- |
| | (छ) एक करोड रुपैयाँभन्दा बढी दुई करोड रुपैयाँसम्म | रु.५०,०००/- | रु.५०,०००/- | रु.५०,०००/- |
| | (ज) दुई करोड रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्म | रु.६०,०००/- | रु.६०,०००/- | रु.६०,०००/- |
| | (झ) तीन करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | रु.८०,०००/- | रु.८०,०००/- | रु.८०,०००/- |
| | (ञ) पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म | रु.१००,०००/- | रु.१००,०००/- | रु.१००,०००/- |
| | (ट) दश करोड रुपैयाँभन्दा बढी बीस करोड रुपैयाँसम्म | रु.१२०,०००/- | रु.१२०,०००/- | रु.१२०,०००/- |
| | (ठ) बीस करोड रुपैयाँभन्दा बढी तीस करोड रुपैयाँसम्म | रु.१५०,०००/- | रु.१५०,०००/- | रु.१५०,०००/- |
| | (ड) तीस करोड रुपैयाँभन्दा बढी चालीस करोड रुपैयाँसम्म | रु.१७५,०००/- | रु.१७५,०००/- | रु.१७५,०००/- |
| | (ढ) चालिस करोड रुपैयाँभन्दा बढी पचास करोड रुपैयाँ सम्म | रु.२००,०००/- | रु.२००,०००/- | रु.२००,०००/- |
| | (ण) पचास करोड रुपैयाँभन्दा बढी जतिसुकै भएपनि | ०.०४% | ०.०४% | ०.०४% |
| ३. | **सरकारी जग्गा लिजमा उपलव्ध गराउँदा लाग्ने लिज रकम** | सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति,२०७९ बमोजिम लाग्नेछ। | | |
| ४. | **जग्गाधनी दर्ता प्रमाणपुर्जा र श्रेष्ताको प्रतिलिपि (प्रति पुर्जा वा प्रति स्रेस्ता):-** | | | |
| | (क) जग्गाधनी दर्ता प्रमाणपुर्जा | रु.१०००।- | | |
| | (ख) जग्गाधनी दर्ता श्रेष्ता | रु.१०००।- | रु.५००।- | रु.३००।- |
| | (ग) पुरानो जग्गाधनी दर्ता प्रमाणपुर्जा खिची नयाँ दिँदा | नलाग्ने | | |
| | <u>**द्रष्टव्य**</u> :<br>पारित लिखत वा निर्णय मिसिल संलग्न कागजातको प्रयोजन खोली सरोकारवालाले निवेदन गरेमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ४६ को उपदफा (३) बमोजिम प्रतिपृष्ठमा दश रुपैयाँको हुलाक टिकट टाँस गर्न लगाई प्रतिलिपि प्रमाणित गरी दिनु पर्नेछ।<br>तर, कुनै सरकारी निकायले प्रमाणका लागि श्रेस्ता वा पारित लिखत वा निर्णय मिसिल संलग्न कागजातको प्रमाणित प्रतिलिपी माग गर्दा प्रतिलिपी शुल्क लाग्दैन। | | | |

| | | | | |
|---|---|---|---|---|
| ५. | **दाखिल खारेज शुल्कः-** | | | |
| | (क) अदालत वा अन्य न्यायिक निकायबाट करार लिखत अनुसार ठहर भएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा थैली अङ्कमा | ५% | ४% | २% |
| | **<u>द्रष्टव्यः</u>**<br>यस बमोजिम दाखिल खारेज गर्दा भूमिसुधार/मालपोत कार्यालयले साविकमा करारनामाको लिखत पारित गरेको र सो उपरमा अदालत वा अन्य न्यायिक निकायबाट फैसला वा मिलापत्र भएको हुनु पर्दछ। | | | |
| | (ख) अदालत वा अन्य न्यायिक निकायबाट भएको फैसला वा मिलापत्र बमोजिम (अंश र अपुताली बाहेक) को दाखिल खारेज गर्दा थैली अङ्कमा | ३% | २% | १% |
| | (ग) अदालत वा अन्य न्यायिक निकायबाट अंश वा अपुताली सम्बन्धमा भएको फैसला वा मिलापत्र बमोजिम हुने दाखिल खारेज गर्दा थैली अङ्कमा | अंशको हकमा यस अनुसूचीमा उल्लेख भएको अंश बण्डा सरह र अपुतालीको हकमा तीन पुस्ता भए नामसारी सरह र तीन पुस्ता बाहिर भए बकस सरह शुल्क लाग्नेछ। | | |
| | (घ) बैंक वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैंक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दाखिल खारेज गर्दा थैली अङ्कमा | ५% | ४% | २% |

| | | | | |
|---|---|---|---|---|
| | (ङ) बैंक तथा वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी धितो जमानी कर्ताको नामबाट बैंक तथा वित्तीय संस्था वा सहकारी संस्थाले आफ्नो नाममा दाखिल खारेज गर्दा प्रति मिसिल | रु.१५,०००/- | रु.१०,०००/- | रु.५,०००/- |
| | (च) बैंक तथा वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित धितो जमानी कर्ता वा निजका हकदारलाई नै फिर्ता गर्दा पारित गर्ने राजीनामा लिखतको थैली अङ्कमा | २.५% | २% | १% |
| | (छ) भूमिसुधार/मालपोत कार्यालयबाट मोही नामसारी वा जग्गाधनी र मोहीबीच जग्गा बाँडफाँट भई दाखिल खारेज हुन आउँदा प्रति मिसिल | नलाग्ने | | |
| | (ज) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | रु.८,०००/- | रु.५,०००/- | रु.३,०००/- |
| | (झ) शेषपछिको बकसपत्रको दाखिल खारेज गर्दा थैली अङ्कमा | | | |
| | (अ) तीनपुस्ता भित्र | अंशबण्डा सरह | | |
| | (आ) तीनपुस्ता बाहिर | राजीनामा सरह | | |
| ६. | **नामसारी प्रति मिसिल** | | | |
| | (अ) तीनपुस्ता भित्र | रु.५,०००/- | रु.३,०००/- | रु.१,५००/- |
| | (आ) तीनपुस्ता बाहिर | रु.८,०००/- | रु.५,०००/- | रु.३,०००/- |

| | | | | |
|---|---|---|---|---|
| ७. | **हाल साविकः-**<br>(क) पुनः नापजाँच पछिको हालसाविक तथा अध्यावधिक गर्दा प्रति मिसिल | रु.१,०००/- | रु.५००/- | रु.२००/- |
| | (ख) दर्ता बाँकी जग्गाको व्यक्तिका नाममा दर्ता श्रेस्ता कायम गर्दा प्रति मिसिल | नलाग्ने | | |
| ८. | **जग्गाधनी श्रेस्ता पूर्जामा घर कायम तथा घर पाताल जनाउने प्रति मिसिल** | | | |
| | (क) पक्की घर कायम | रु.२,५००/- | रु. २,०००/- | रु. १०००/- |
| | (ख) कच्ची घर कायम | रु.१,५००/- | रु. १,०००/- | रु. ५००/- |
| | (ग) घर पाताल | रु. ५००/- | रु. ४००/- | रु. ३००/- |
| ९. | **कित्ता एकीकृत गर्दा प्रति मिसिल** | रू.१,०००/- | रू.१,०००/- | रू.१,०००/- |
| १०. | **(क) संशोधन शुल्कः** मालपोत ऐन, २०३४ को दफा ७ (३) अनुसारको विवरणमा संशोधन गर्दा प्रति मिसिल | रु.१,५००/- | रु. १,०००/- | रु. ५००/- |
| | (ख) अन्य संशोधन | रु.५००/- | रु. ३००/- | रु. २००/- |
| ११. | **जग्गा खण्डीकरण (प्लटिङ ) बापत शुल्कः-**<br>घरजग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले प्रचलित कानून बमोजिम प्लानीङ परमिट लिई आफ्नो वा कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा आवासीय प्रयोजनको लागि जग्गा विकास गरी विकसित घडेरी वा घर निर्माण गर्ने प्रयोजनका लागि कित्ता काट गर्दा (प्रति मिसिल) | | | |
| | (क) ५ रोपनी सम्म क्षेत्रफल | रु.१२,०००/- | रु. ८,०००/- | रु. ४,०००/- |
| | (ख) ५ रोपनी देखी १० रोपनी सम्म क्षेत्रफल | रु.२०,०००/- | रु. १२,०००/- | रु. ७,०००/- |
| | (ग) १० रोपनी भन्दा बढि २० रोपनी सम्म क्षेत्रफल | रु.३०,०००/- | रु. २०,०००/- | रु. १२,०००/- |
| | (घ) २० रोपनी भन्दा बढी | रु. ५०,०००/- | रु. ३०,०००/- | रु. १५,०००/- |

**ग. रोक्का दस्तुरः-**

| | |
|---|---|
| १. | (क) यस अनुसूचीको खण्ड ख. सेवा शुल्क को सि.नं.२ बमोजिम बन्धकी लिखत रजिष्ट्रेशन भएकोमा सोही बमोजिम सेवा शुल्क लाग्नेछ। तर यस बमोजिमको रोक्का दस्तुर भने लाग्दैन। |
| | (ख) यस अनुसूचीको खण्ड ख.को सि.नं.२ बमोजिम बन्धकी लिखत रजिष्ट्रेशन भएकोमा बाहेक रोक्का राख्ने निकायको पत्रमा उल्लेख भएको ऋण अङ्कमा |

| | | | | |
|---|---|---|---|---|
| | (अ) ५ लाख रुपैंयासम्म | रु. ५००/- | रु. ३००/- | रु. २००/- |
| | (आ) ५ लाख रुपैंयादेखि दशलाख रुपैंयासम्म | रु. १,०००/- | रु. ७००/- | रु. ५००/- |
| | (इ) रु.१० लाख देखि माथि | यस अनुसूचीको खण्ड ख. सेवा शुल्क को सि.नं. २ बमोजिम बन्धकी लिखत पारित गर्नु पर्नेछ। | | |
| | **<u>द्रष्टव्यः</u>** कुनै सरकारी निकायले रोक्का प्रयोजन उल्लेख गरी वा नगरी कुनै व्यक्ति वा निकायको नाममा रहेको घरजग्गा रोक्का राख्न लेखी पठाएमा यस अनुसूची बमोजिम कुनै शुल्क वा दस्तुर लाग्ने छैन । | | | |

**घ. विविधः**

| | |
|---|---|
| १. | यस अनुसूची बमोजिम हुने कारोबारमा राजस्व सङ्कलन प्रयोजनका लागि **"तीन पुस्ता"** भन्नाले बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाउजू, भाइ, भाइबुहारी, दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, छोरी ज्वाई, सासु, ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी ज्वाई, नातिनी बुहारी, काका, काकी, मामा, माइजू, भाञ्जा, भाञ्जी, ठूलोबुवा, ठूलीआमा (बाबुतर्फका),आमाजू, नन्द, सौता-सौता, एकै दाजु भाइ दिदी-भाइको छोरा, बुहारी,छोरी, ज्वाई, फुपू, फुपा, भदा, भदै, भदाबुहारी, भदैनी ज्वाईलाई जनाउँदछ र सो शब्दले धर्मसन्तानलाई आफ्नै सन्तानसरह लिई यसमा उल्लिखित सबै नातासम्बन्ध समेतलाई बुझाउँदछ। |
| २. | अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अङ्क खुलाउनु पर्नेछ। पहिले कारोबार भएको थैली अङ्कभन्दा कम मूल्याङ्कन कायम गरी लिखत पारित गर्न पाइनेछैन।<br>**<u>स्पष्टीकरणः</u>** पहिले कारोबार भएको थैली अंक भन्नाले बन्धकी लिखतमा उल्लेख भएको थैली अङ्क बाहेकलाई जनाउँनेछ । |
| ३. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षी पालन, अलैंची खेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाममा खरीद हुने जग्गाको लिखत पारित गर्दा सोमा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। छुट लिनका लागि खरिद हुन लागेको जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णयको प्रमाणित प्रतिलिपी र सोही विषयमा भूमिसुधार/मालपोत कार्यालयको नाममा लेखिएको सिफारिस पत्रसमेत पेस गर्नुपर्नेछ। तर, छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमिसुधार/मालपोत कार्यालयले उक्त जग्गा रोक्का राखी साविकमा छुट दिएको रजिष्ट्रेशन शुल्क वा दस्तुर तथा सोही बराबरको जरिबानासमेत असुल उपर गरेपछि मात्र उक्त जग्गा फुकुवा गर्नुपर्नेछ । |
| ४. | सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योगको नाममा खरीद हुने जग्गाको लिखत पारित गर्दा सोमा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। छुट लिनका लागि खरिद हुन लागेको जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णयको प्रमाणित प्रतिलिपी र सोही विषयमा भूमिसुधार/मालपोत कार्यालयको नाममा लेखिएको सिफारिस पत्रसमेत पेस गर्नुपर्नेछ। तर, छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमिसुधार/मालपोत कार्यालयले उक्त जग्गा रोक्का राखी साविकमा छुट दिएको रजिष्ट्रेशन शुल्क वा दस्तुर तथा सोही बराबरको जरिबानासमेत असुल उपर गरेपछि मात्र उक्त जग्गा फुकुवा गर्नु पर्नेछ । |

| | |
|---|---|
| ५. | प्रदेश भित्र सूर्ती, गुट्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा सोमा लाग्ने रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। छुट लिनका लागि खरिद हुन लागेको जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णयको प्रमाणित प्रतिलिपी र सोही विषयमा भूमिसुधार/मालपोत कार्यालयको नाममा लेखिएको सिफारिस पत्रसमेत पेस गर्नुपर्नेछ। तर, छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमिसुधार/मालपोत कार्यालयले उक्त जग्गा रोक्का राखी साविकमा छुट दिएको रजिष्ट्रेशन शुल्क वा दस्तुर तथा सोही बराबरको जरिबानासमेत असुल उपर गरेपछि मात्र उक्त जग्गा फुकुवा गर्नुपर्नेछ । |
| ६. | कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलब्ध गराउने प्रयोजनका लागि धितोबन्धक लिखत पारित गर्दा वा यस अनुसूचीको खण्ड ग. रोक्का दस्तुरको खण्ड (ख) बमोजिम पत्रद्वारा घर जग्गा रोक्का राख्दा सेवा शुल्क एक हजार रुपैयाँ मात्र लाग्नेछ। |
| ७ | प्रचलित कानून बमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरूले आफ्नो कार्यक्षेत्रभित्र आफ्ना शेयर सदस्यहरुलाई ऋण लगानी गर्दा पाँचलाख रुपैयाँसम्मको थैली अङ्कमा रोक्का दस्तुर बाहेक सेवा शुल्क छुट हुनेछ। सो भन्दा माथिको थैली अंकमा सेवा शुल्क महलको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्नेछ। नेपाल राज्यभर जुनसुकै क्षेत्रमा धितोजमानी कर्ताको नाममा रहेको घरजग्गा निजको मञ्जुरीमा सहकारी संस्थाले आफ्ना शेयर सदस्यहरुलाई ऋण लगानी गर्न सक्नेछ।<br>तर, बचत तथा ऋण सहकारी संस्थाहरुले यो छुट पाउने छैनन। |
| ८. | जनआन्दोलन, सशस्त्र सङ्घर्ष, मधेश आन्दोलन र आदिवासी/जनजाती आन्दोलनमा शहादत प्राप्त गरेका शहीदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस अनुसूची वमोजिम लाग्ने सबै प्रकारका शुल्क पूर्णरुपमा छुट हुनेछ।<br>तर, यो सुविधा प्राप्त गर्ने व्यक्तिले नेपाल सरकारले जारी गरेको परिचय पत्र वा स्वामित्व प्राप्त गर्ने व्यक्तिको स्थायी ठेगाना भएको हालको स्थानीय तहबाट किटानी सिफारिस पत्र पेस गर्नु पर्नेछ। |
| ९. | अपाङ्गता भएका व्यक्ति, दलित एवम् पिछडिएका जाति भनी व्यक्तिको स्थायी ठेगाना भएको स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणको आधारमा तिनीहरुको नाममा स्वामित्व प्राप्त हुँदा तीस लाख रूपैयाँसम्मको थैली अङ्कमा एक पटकको लागि यस ऐन बमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। यसरी छुट लिएको पहिलो पटक हो होइन भन्ने कुरा व्यक्तिको स्वघोषणा एवं स्थायी बसोबास गरेको स्थानीय तहको सिफारिस पत्रको आधारमा हुनेछ। निजले गरेको स्वघोषणा झुठो ठहरिए साविकमा पाएको छुट रकम असुल गरी सोही बमोजिम जरिबानासमेत उपर गरिनेछ। |

| | |
|---|---|
| १०. | महिला, सत्तरी वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक र माता र पिता विहिन नावालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस अनुसूची बमोजिम लाग्ने रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ।<br>तर, एकल महिलाको हकमा भने पैंतीस प्रतिशत छुट हुनेछ। देहायमा उल्लिखित गाउँपालिकाको हकमा पचास प्रतिशत छुट हुनेछः-<br>(क) मनाङ जिल्लाको नार्पा भूमि, नासों, मनाङ ङिस्याङ गाउँपालिका,<br>(ख) मुस्ताङ जिल्लाको थासाङ, लो-घेकर दामोदरकुण्ड, लोमन्थाङ, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका,<br>(ग) गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका। |
| ११. | (क) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा सो सगोलनामाको लिखतमा रु. १,०००।- मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ। यसरी सगोलनामा गर्दा साविकको न्यूनतम थैली अंक परिवर्तन गर्न पाइनेछैन । |
| | (ख) २०० जनाभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमुलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरिद गर्दा यस अनुसूची बमोजिम लाग्ने रजिष्ट्रेशन शुल्कमा ७५ प्रतिशत छुट दिइनेछ।छुट लिनका लागि खरिद हुन लागेको जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णयको प्रमाणित प्रतिलिपी र सोही विषयमा भूमिसुधार/मालपोत कार्यालयको नाममा लेखिएको सिफारिस पत्र र श्रम तथा रोजगार कार्यालयको सिफारिस पत्र समेत पेस गर्नुपर्नेछ।<br>तर, छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमिसुधार/मालपोत कार्यालयले उक्त जग्गा रोक्का राखी साविकमा छुट दिएको रजिष्ट्रेशन शुल्क वा दस्तुर तथा सोही बराबरको जरिबानासमेत असुल उपर गरेपछि मात्र उक्त जग्गा फुकुवा गर्नु पर्नेछ। |
| १२. | भूमिहीन, मुक्तकमैया र मुक्तहलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर पूर्णरुपमा छुट हुनेछ। यसको लागि सो खुल्ने प्रमाण/कागजात/परिचयपत्र तथा घरजग्गा प्राप्त गर्ने व्यक्तिको स्थायी ठेगाना भएको स्थानीय तहको सिफारिसपत्र पेस गर्नु पर्नेछ। |
| १३. | बैक तथा वित्तीय संस्था एवं सहकारी संस्था र अदालतबाट भएको मिलापत्र अनुसार दाखिल खारेज गर्दा सेवा शुल्क असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैक तथा वित्तीय संस्था एवं सहकारी संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोही मूल्यलाई कायम गर्नु पर्नेछ। |
| १४. | यो ऐन लागु हुँदाका बखत प्रदेश सरकार वा स्थानीय तहबाट घोषणा भएका वा यस पछि घोषणा हुने नगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी प्रदेश सरकार वा स्थानीय तहले राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि यसै अनुसूची बमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क र सेवा शुल्क लाग्नेछ। |

| | |
|---|---|
| १५. | प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्थाहरूलाई संस्थाको प्रयोजनको लागि पहाडी क्षेत्रमा दुई रोपनी, तराई र भित्री मधेशमा तीन कट्टासम्म जग्गा र भवन खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। यसका लागि सहकारी संघ संस्थाका नियामक निकायहरुमध्ये सहकारीको कार्यक्षेत्रको आधारमा स्थानीय तह वा प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय वा सहकारी विभागको सिफारिस पत्र पेस गर्नु पर्नेछ।<br>तर, त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा वा कुनै पनि किसिमबाट दाखिल खारेज भै गएमा साविकमा छुटका लागि सिफारिस गर्ने नियामक निकायको सिफारिसमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क वा दस्तुर असूल उपर गरिनेछ। तर, बचत तथा ऋण सहकारी संस्थाको हकमा यो छुट लागु हुने छैन। |
| १६. | यस अनुसूची बमोजिम छुट दिँदा एकै व्यक्तिले एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एक मात्र छुट दिइनेछ। |
| १७. | दश लाख रुपैंयाँदेखि पचासलाख रुपैंयासम्मको एउटै कारोबारमा बैकिङ्ग उपकरण र सोभन्दा माथिको घर वा जग्गा खरिद बिक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट, बैंक ग्यारेन्टी, ई पेमेण्ट वा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम) भनी छाप लागेको चेकको फोटोकपी पेस गरेपछि वा बिक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेस गरेपछि मात्र भूमिसुधार/मालपोत कार्यालयले लिखत पारित गर्नु पर्नेछ। |
| १८. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिइनेछ। |
| १९. | नेपाल सरकार वा गण्डकी प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा, घर वा घरजग्गा नेपाल सरकार वा गण्डकी प्रदेश सरकार वा स्थानीय तह वा सो अन्तर्गतको अन्य निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २०. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा, घर वा घरजग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै निकायलाई निःशुल्क रूपमा प्राप्त हुन आएमा वा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको कुनै पनि निकायले खरिद गर्दा सोमा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २१. | भूमिसुधार/मालपोत कार्यालयहरूले यस अनुसूची बमोजिम सङ्कलन गर्ने शुल्क र दस्तुर रकम मध्येबाट मालपोत/भूमिसुधार कार्यालय तथा नापी कार्यालयहरूको संस्थागत सुदृढीकरण तथा स्रेस्ता व्यवस्थापनको लागि एक प्रतिशत कट्टा गरी सो समेत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ। |
| २२. | यसै अनुसूचीको खण्ड ग बमोजिम छुट दिइएको विवरण सम्बन्धित मालपोत कार्यालयले महिना समाप्त भएको पन्ध्र दिनभित्र गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ। |
| २३. | हालैको बकसपत्रको हकमा नाता खुल्ने परिचय पत्र पेस हुन नआएमा नाता प्रमाणित गरेको प्रमाण पेस गर्नु पर्नेछ। |
| २४. | एउटै आर्थिक वर्षभित्र घरजग्गाको लिखत पास गर्दा रजिष्ट्रेशन लिखतमा कायम भएको थैली अङ्कको रकमभन्दा बैंक तथा वित्तीय संघ संस्थाबाट वित्तीय धितो कारोबारमा थैली अङ्कको रकम बढी राखी वित्तीय कारोवार भएमा लिखत कायम गरिएको थैली अङ्क र वित्तीय धितो कारोवारको फरक रकममा लिखत पास गर्दा लाग्ने दस्तुर सरहको रकम जरिबाना लाग्नेछ। |
| २५. | प्रदेशभित्र बैंक तथा वित्तीय व्यवसाय र बिमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरु एक आपसमा |

| | |
|---|---|
| | गाभिन चाहेमा गाभिने संस्थाहरुले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा संशोधन शुल्क बाहेक अन्य शुल्क लाग्ने छैन। |
| २६. | यो ऐन लागु हुँदाका बखत नेपाल सरकारबाट घोषणा भएका वा यसपछि घोषणा हुने प्रदेशका नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि यस अनुसूची बमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क र सेवा शुल्क लाग्नेछ। |
| २७. | वैदेशिक रोजगारीबाट बैंकिङ्ग प्रणालीमार्फत रेमिट्यान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सबाट खरिद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ।<br>तर, एकासगोल परिवारको नाममा बाहेक खरिद हुने जग्गाको लिखतको हकमा यो प्रावधान लागु हुने छैन। |
| २८. | भूमिसुधार/मालपोत कार्यालयबाट तत् समयमा लाग्ने दस्तुर वा शुल्क बुझाई वा नबुझाई विगतमा पारित लिखत वा निर्णय भएका तर सो बमोजिम दाखिल खारेज भएको रहेनछ तर अब आएर दाखिल खारेजका लागि माग निवेदन परेमा चालु आर्थिक वर्षको जग्गाको न्यूनतम् मूल्याङ्कन भिडाई कायम हुने थैली अंकमा यस अनुसूची बमोजिम दस्तुर वा शुल्क गणना गरी साविकमा असुल गरेको दस्तुर वा शुल्क नपुग हुने देखिएमा नपुग हुने रकमजति दस्तुर वा शुल्क असुल उपर गरी दाखिला खारेज गर्नु पर्नेछ । |
| २९. | स्वदेशी लगानीका सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरु मिलि जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सोमा लाग्ने रजिष्ट्रेशन शुल्कमा शत प्रतिशत छुट हुनेछ। छुट लिनका लागि खरिद हुन लागेको जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको सिफारिसको निर्णयको प्रमाणित प्रतिलिपी सोही विषयमा भूमिसुधार/मालपोत कार्यालयको नाममा लेखिएको सिफारिस पत्र र व्यवसाय सञ्चालन अनुमति लिएको कागजपत्र समेत पेस गर्नु पर्नेछ।<br>तर, छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरित प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमिसुधार/मालपोत कार्यालयले उक्त जग्गा रोक्का राखी साविकमा छुट दिएको रजिष्ट्रेशन शुल्क वा दस्तुर तथा सोही बराबरको जरिबाना समेत असुल उपर गरेपछी मात्र उक्त जग्गा फुकुवा गर्नुपर्नेछ । |

## अनुसूची – २

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

## सवारी साधन कर

| १. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | |
|---|---|
| सवारीको किसिम | |
| **(क) कार, जीप, भ्यान, माइक्रो बस** | **वार्षिक कर दर (रू.)** |
| (अ) १००० सी.सी. सम्म | २२,०००/– |
| (आ) १००१ देखि १५०० सी.सी. सम्म | २५,०००/– |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | २७,०००/– |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | ३७,०००/– |
| (उ) २५०१ सी.सी. देखि ३००० सी.सी. सम्म | ५०,०००/– |
| (ऊ) ३००१ सी.सी. देखि ३५०० सी.सी. सम्म | ६०,०००/– |
| (ऋ) ३५०१ सी.सी. देखि माथि सबै | ६५,०००/– |
| **(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन, रेडिमिक्स जस्ता मेशिनरी उपकरण र मिनीट्रिपर** | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, क्रेन जस्ता मेशिनरी उपकरण | ४०,०००/– |
| (आ) ट्रिपर/कन्टेनर ट्रक | ४२,०००/– |
| (इ) मिनीट्रिपर | ३०,०००/– |
| **(ग) थ्री ह्वीलर, टेम्पो, ट्रयाक्टर र पावर टिलर** | |
| (अ) अटो रिक्सा, थ्री ह्वीलर र टेम्पो | ६,०००/– |
| (आ) ट्रयाक्टर | ११,०००/– |
| (इ) पावर टिलर | ४,५००/– |
| **(घ) मिनिट्रक/मिनिबस** | २७,०००/– |
| **(ङ) ट्रक र बस** | ३५,०००/– |
| **(च) तेल ट्यांकर, ग्याँस बुलेट** | ३५,०००/- |
| **(छ) मोटर साइकल तथा स्कुटर** | |
| (अ) १२५ सी.सी. सम्मको | ३,०००/– |
| (आ) १२५ सी.सी भन्दा माथि १५० सी.सी. सम्म | ५,०००/– |
| (इ) १५० सी.सी भन्दा माथि २२५ सी.सी. सम्म | ६,५००/– |
| (ई) २२५ सी.सी भन्दा माथि ४०० सी.सी. सम्म | ११,०००/– |
| (उ) ४०० सी.सी भन्दा माथि ६५० सी.सी. सम्म | २०,०००/– |
| (ऊ) ६५० सी.सी भन्दा माथि सबै | ३०,०००/– |
| **(ज) विद्युतीय सवारी साधन** | |

| | |
|---|---|
| **(अ) मोटरसाईकल/स्कुटर** | |
| (१) ५० वाट सम्म | १,०००/- |
| (२) ५१ वाट देखि ३५० वाटसम्म | १,५००/- |
| (३) ३५१ वाटदेखि १००० वाट सम्म | २,०००/- |
| (४) १००१ वाट देखि १५०० वाट सम्म | २,५००/- |
| (५) १५०० वाट भन्दा माथि सबै | ३,०००/- |
| **(आ) कार, जीप, भ्यान, माइक्रोबस र बस** | |
| (अ) ५० किलोवाटसम्म | १२,०००/- |
| (आ) ५१ किलोवाट देखि १०० किलोवाट सम्म | १७,०००/- |
| (इ) १०१ किलोवाट देखि १५० किलोवाटसम्म | २२,०००/- |
| (ई) १५१ किलोवाट देखि २०० किलोवाटसम्म | २७,०००/- |
| (उ) २०० किलोवाटभन्दा माथि सबै | ३२,०००/- |
| **२. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | |
| **सवारीको किसिम** | |
| **(क) कार, जिप, भ्यान, माइक्रो बस** | **वार्षिक कर दर (रू)** |
| (अ) १००० सि.सि.सम्म | ११,०००/- |
| (आ) १००० सि.सि. भन्दा माथि १५०० सि.सि.सम्म | १२,५००/- |
| (इ) १५०० सि.सि. भन्दा माथि २००० सि.सि.सम्म | १३,५००/- |
| (ई) २००० सि.सि. भन्दा माथि २५०० सि.सि.सम्म | १४,५००/- |
| (उ) २५०० सि.सि. भन्दा माथि ३००० सि.सि.सम्म | १६,५००/- |
| (ऊ) ३००० सि.सि. भन्दा माथि ३५०० सि.सि.सम्म | १७,५००/- |
| (ऋ) ३५०० सि.सि. भन्दा माथि ४००० सि.सि.सम्म | १९,०००/- |
| (ए) ४००० सि.सि. भन्दा माथि सबै | २२,०००/- |
| **(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर (७ घनमीटर भन्दा माथि), ड्रम्फर, क्रेन, ट्रक, मिक्स्चर जस्ता मेशिनरी उपकरण** | **२२,०००/-** |
| **(ग) मिनिट्रिपर (७ घन मीटर वा सो भन्दा कम)** | **२१,०००/-** |
| (घ) थ्री ह्वीलर र टेम्पो | ६,०००/- |
| (ङ) ट्र्याक्टर | ८,०००/- |
| (च) पावर टिलर | ४,५००/- |
| (छ) मिनीट्रक, मिनीबस | १५,०००/- |
| (ज) ट्रक, बस र पानी ट्यांकर | २०,०००/- |
| (झ) तेल ट्यांकर, ग्याँस बुलेट, कन्टेनर | २२,०००/- |

| | |
|---|---|
| **(ञ) विद्युतीय सवारी साधन** | |
| (अ) ५० किलोवाटसम्म | १०,०००/- |
| (आ) ५१ किलोवाट देखि १०० किलोवाट सम्म | १५,०००/- |
| (इ) १०१ किलोवाट देखि १५० किलोवाटसम्म | २०,०००/- |
| (ई) १५१ किलोवाट देखि २०० किलोवाटसम्म | २५.०००/- |
| (उ) २०० किलोवाट भन्दा माथि सबै | ३०,०००/- |
| **३. सवारी साधन दर्ता सरुवा सहमतिका लागि लाग्ने दस्तुर**<br>(क) दुई पाङ्ग्रे सवारी साधन<br>(ख) साना सवारी साधन (कार ,जीप, भ्यान)<br>(ग) ठूला सवारी साधन (बस ट्रक र अन्य) | ५००/-<br>३,०००/-<br>५,०००/- |
| **<u>द्रष्टव्य:</u>** हाइड्रो लगायतका निर्माण कार्यमा प्रयोग हुने सवारी तथा अन्य यन्त्र उपकरणको सवारी साधन कर सार्वजनिक सवारी साधन सरह नै लाग्नेछ। | |

| | |
|---|---|
| ४. | नेपाल सरकार, गण्डकी प्रदेश सरकार र स्थानीय तहका नाममा दर्ता भएका सवारी साधन र सामुदायिक विद्यालयको नाममा दर्ता भएका सवारी साधनहरूलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर तथा जाँचपास शुल्क लाग्नेछ। |
| ५. | सुरू पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ। तर, व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन। |
| ६. | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी संघ, प्रदेश र स्थानीय तहले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन सञ्चालन नगरेको अवधिको सवारी साधन कर लाग्ने छैन। |
| ७. | भाडामा सञ्चालन हुने बस, मिनीबस तथा माइक्रोबसले विद्यार्थी, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई भाडामा छुट सहुलियत दिए बापत त्यस्ता सवारी साधनका धनीलाई सवारी साधन करमा साठी प्रतिशत छुट प्रदान हुनेछ। गण्डकी प्रदेश सरकारले अनुगमन गर्दा सो बमोजिमको छुट दिएको नपाइएमा छुट दिएको रकम र सोही बराबर जरीबाना असुल गरिनेछ। |
| ८. | सवारी साधनका धनीले सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रूपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछ। दुई वर्षको नवीकरण गराएमा लाग्ने सवारी साधन करमा १५ प्रतिशत, ३ वर्षको नवीकरण गराएमा २० प्रतिशत र ५ वर्षको नवीकरण गराएमा २५ प्रतिशत छुट हुनेछ। |
| ९. | अन्य प्रदेशमा दर्ता भएका सवारी साधन धनीले गण्डकी प्रदेशबाट नवीकरण गर्न चाहेमा यस ऐन बमोजिम निर्धारण गरेको शुल्क बुझाई नवीकरण गर्न सक्नेछ। |
| १०. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन। |
| ११. | क्रमसंख्या १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई |

| | |
|---|---|
| | सवारी साधन कर लाग्ने छैन। |
| १२. | दश लाख रूपैयाँ भन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ। |
| १३. | अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईएका १५० सी.सी. सम्मका स्कूटर र १००० वाटसम्मका इलेक्ट्रिक स्कुटरमा सवारी साधन कर लाग्ने छैन। |
| १४. | नेपाल सरकार, गण्डकी प्रदेश सरकार वा अन्तर्गतका निकाय र स्थानीय प्रशासनले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनको हकमा लिलाम प्रक्रिया समाप्त नभएसम्म सवारी साधन कर लाग्ने छैन। |
| १५. | सवारी साधनको आयु बीस वर्ष नाघी लगत कट्टा नभएका सार्वजनिक सवारी साधनलाई लगत कट्टा प्रयोजनका लागि बीस वर्ष पछिको सवारी साधन करमा पचहत्तर प्रतिशत छुट दिइनेछ। |
| १६. | गण्डकी प्रदेश सरकार मातहतका कार्यालय र स्थानीय तहहरुमा कम्तिमा बीस वर्ष भन्दा बढी पुराना र बिग्रेर काम नलाग्ने भएका तथा मर्मत सम्भार गरेर सञ्चालन गर्न उपयुक्त नदेखिएका सरकारी सवारी साधनहरु लिलाम गरी हटाउने प्रयोजनका लागि सम्बन्धित कार्यालयबाट सिफारिस भई आएमा यातायात व्यवस्था कार्यालयमा लगत कट्टा गर्दा बीस वर्ष पछाडिको अवधिको कर, दस्तुर र जरिबाना छुट दिइनेछ। |
| १७. | यस ऐन बमोजिम छुट सुविधा उपलब्ध गराउँदा दुई वा सो भन्दा बढी छुट सुविधा पाउने अवस्था भएमा जुन शीर्षकमा सबैभन्दा बढी छुट सुविधा उल्लेख भएको छ सो मात्र छुट हुनेछ। |
| १८. | यातायात व्यवस्था कार्यालय रहेको स्थान वा सदरमुकाम भन्दा टाढा वा दुर्गम स्थानमा रहेका डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर र क्रेन जस्ता मेशिनरी उपकरण लगायतका सार्वजनिक सवारी साधनहरुको प्राविधिक परीक्षण/जाँचपासका लागि आवश्यकता तथा मागका आधारमा डोर खटाएर सेवा दिन सक्नेछ। यसरी डोर सेवा प्रदान गरेबापत अनुसूची -३ को क्रम संख्या ५ को (१४) बमोजिम थप शुल्क लाग्नेछ। |
| २०. | आर्थिक वर्ष २०७९/८० भन्दा अगाडिदेखि हालसम्म नियमानुसार बुझाउनुपर्ने सवारी साधन कर नबुझाएका र नवीकरण नगरेका सवारी साधनको सम्वत् २०८२ फागुन मसान्तसम्म सवारी साधन कर बुझाउन आएमा आर्थिक वर्ष २०७९/८० भन्दा अगाडीको सवारी साधन करमा लाग्ने जरिबानामा छुट हुनेछ। |
| २१. | ट्राफिक नियम उल्लङ्घन गरे बापत ट्राफिक प्रहरीले सवारी साधन धनीसँग प्रचलित कानून बमोजिम असुल गर्ने दण्ड जरिबाना बापतको रकम गण्डकी प्रदेशभित्रका ट्राफिक प्रहरी कार्यालयले प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ। |
| २२. | गण्डकी प्रदेशमा दर्ता भएका सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट जडान गरेको शुल्क र अन्तरप्रदेश रुट इजाजत जारी गरे बापतको शुल्क प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ। |
| २३. | गण्डकी प्रदेशभित्र विद्युतीय सूचना प्रणालीबाट सञ्चालन गरिएको राइड सेयरिङ्ग वा सेल्फ ड्राइभ सेवा प्रदान गर्ने विद्युतीय एपमा सवारी साधन भाडामा लिने प्रयोजनमा प्रयोग गरी सेवा दिने संस्थाले देहाय बमोजिमको दस्तुर सम्बन्धित यातायात व्यवस्था कार्यालयमा बुझाई अनुमति लिई सञ्चालन गर्नु पर्नेछ। अनुमति सम्बन्धी प्रक्रिया गण्डकी प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ। |

<u>देहायः</u>

**क. राईड सेयरिङ र सेल्फ ड्राइभ सेवा दिने संस्थाको अनुमति/नवीकरण शुल्कः**

| क्र.सं. | सवारी साधनको किसिम | अनुमति शुल्क | नवीकरण शुल्क (प्रतिवर्ष) |
|---|---|---|---|
| १. | दुईपाङ्ग्रे | रु. २५,०००/- | रु. १२,५००/- |
| २. | चारपाङ्ग्रे | रु. ५०,०००/- | रु. २५,०००/- |
| ३. | दुईपाङ्ग्रे र चारपाङ्ग्रे दुवै | रु. ७०,०००/- | रु. ३५,०००/- |

ख. **राईड सेयरिङ, सेल्फ ड्राइभ सेवामा आबद्ध हुने सवारी साधन धनीले दाखिला गर्नुपर्ने प्रति सवारी साधनको नवीकरण शुल्कः**

| **क्र.सं.** | **सेवाको लागि प्रयोग गर्ने सवारी साधनको किसिम** | **नवीकरण शुल्क** |
|---|---|---|
| १. | दुईपाङ्ग्रे/चारपाङ्ग्रे सवारी साधन | सि.सि./वाट अनुसारको नवीकरण शुल्कमा सो बराबरको थप शुल्क |

ग. **राईड सेयरिङ, सेल्फ ड्राइभ सेवा प्रदायक कम्पनीले सवारी साधन दर्ता गरे वापत प्रति सवारी साधन प्रतिवर्ष यातायात व्यवस्था कार्यालयमा दाखिला गर्नु पर्ने सेवा शुल्क :**

| **क्र.सं.** | **सेवाको लागि प्रयोग गर्ने सवारी साधनको किसिम** | **वार्षिक सेवा शुल्क** |
|---|---|---|
| १. | दुईपाङ्ग्रे सवारी साधन | रु २,५००।- |
| २. | चारपाङ्ग्रे सवारी साधन | रु.१०,०००।- |

